


वर्ष ५० | अङ्क १ | असोज २०८२ | सेप्टेम्बर-अक्टोबर २०२५

# गभर्नर पौडेलद्वारा बैंकर र उद्योगी व्यवसायीसँग छलफल



गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र उद्योगी व्यवसायीहरूसँग भदौ २७ गते छुट्टाछुट्टै छलफल गर्नुभएको छ।

पछिल्लो समय मुलुकमा विकसित घटनाक्रमका कारण वित्तीय क्षेत्र र उद्योग व्यवसाय क्षेत्रमा परेको असर र यसबाट सिर्जित चुनौतीमा केन्द्रित रहेर उहाँले छलफल गर्नुभएको हो। बैंकरहरूसँग भएको छलफलमा गभर्नर पौडेलले प्रतिकूल परिस्थितिमा बैंक तथा वित्तीय संस्थाबाट भइरहेको सेवा प्रवाहबारे जिज्ञासा राख्दै डिजिटल बैंकिङ र भुक्तानी सेवालाई थप प्रभावकारी बनाउन आग्रह गर्नुभयो। छलफलमा नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपाल र नेपाल वित्तीय संस्था संघका पदाधिकारीको उपस्थिति थियो।

यसै गरी, उद्योगी व्यवसायीहरूसँगको छलफलमा गभर्नर पौडेलले पछिल्लो घटनाक्रमका कारण उद्योग व्यवसायमा परेको असरबारे जानकारी लिनुभयो। सो अवसरमा गभर्नर पौडेलले घटनाबाट प्रभावित उद्योग-व्यवसायको पुनरुत्थानको निम्ति आवश्यक नीतिगत सहजीकरणका निम्ति बैंकले अधिकतम प्रयास गर्ने बताउनुभयो। छलफलका क्रममा उद्योगी व्यवसायीहरूले पछिल्लो घटनाका कारण व्यावसायिक क्षेत्रले ठुलो क्षति व्यहोरेको उल्लेख गर्दै आफ्नो मनोबल उकास्न राज्यका निकायबाट सहयोग हुनुपर्ने धारणा राख्नुभएको थियो। छलफलमा उद्योगी व्यवसायीका तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सका पदाधिकारीको उपस्थिति थियो।

छलफलमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरू गुरुप्रसाद पौडेल, किरण पण्डित, डा. सत्येन्द्र तिमिल्सिना र दीर्घबहादुर रावलको समेत उपस्थिति थियो। ■



# संस्थागत जोखिम व्यवस्थापन र कर्जाको गुणस्तरसम्बन्धी अन्तरक्रिया



बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभागले भदौ १८ गते काठमाडौंमा विकास बैंक र वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूसँग संस्थाको जोखिम तथा कर्जाको गुणस्तर सुधार व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर पौडेलले कर्जा असुली र विस्तार निरन्तरको प्रक्रिया रहेको उल्लेख गर्दै नियामकीय व्यवस्था बारम्बार परिवर्तन गर्न नहुने बताउनुभयो । कर्जा लगानीका निम्ति नयाँ क्षेत्रहरू पहिचान गर्दै दिगो विकासका लक्ष्य प्राप्तिका क्षेत्रमा कर्जा लगानी विस्तार गर्नुपर्ने उहाँको सुझाव थियो । राष्ट्र बैंकबाट जारी भएका नियामकीय निर्देशन पालना गर्न समेत उहाँले बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिनुभयो ।

सो अवसरमा विभागका निर्देशक रञ्जना पौडेलले कार्यपत्र प्रस्तुत गर्दै विकास बैंक र वित्त कम्पनीका जोखिम व्यवस्थापन र कर्जाको गुणस्तर सुधार व्यवस्थापनका विविध पक्षबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका का.मु. कार्यकारी निर्देशक गोविन्दप्रसाद नागिलाले संवादमा आधारित नीति निर्माणलाई राष्ट्र बैंकले प्राथमिकतामा राखेको उल्लेख गर्दै बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवालाको सुझावलाई नीतिगत व्यवस्थामा समेटिने जानकारी दिनुभयो । संस्थाको 'इकोसिस्टम'मा रहेका जोखिमको व्यवस्थापनमार्फत संस्थागत सुशासन र वित्तीय स्वास्थ्य सुदृढ बनाउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले संस्थाले यथार्थ वित्तीय विवरण प्रस्तुत गर्नुपर्ने उल्लेख गर्दै जोखिमको स्थिति मूल्याङ्कन गरेर मात्र कर्जा प्रवाह गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कार्यकारी निर्देशक तिमिल्सिना र का.मु. कार्यकारी निर्देशक नागिलाले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा विभागका निर्देशक निभा श्रेष्ठले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक निरज अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सुर्खेतमा समसामयिक विषयमा अन्तरक्रिया

सुर्खेत कार्यालयले भदौ ३ गते वीरेन्द्रनगरमा समसामयिक आर्थिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र उद्योग व्यवसायीहरूको सहभागिता थियो ।

सो अवसरमा गभर्नर पौडेलले कर्णाली प्रदेशमा जलविद्युत् विकास र पर्यटन प्रवर्द्धनको उच्च सम्भावना रहेको उल्लेख गर्दै पर्यटन पूर्वाधार र जलविद्युत् विकासमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । कृषि कर्जालाई प्रभावकारी बनाउन सरकारी निकायसँग समन्वय गर्नुपर्ने र कृषिको आपूर्ति श्रृङ्खलामा लगानी गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा कर्णाली प्रदेशमा निक्षेप तथा कर्जा प्रवाहको स्थिति, अर्थतन्त्रको अवस्था, मौद्रिक नीतिको कार्यान्वयनलगायतका विषयमा सहभागीहरूबीच छलफल भएको थियो । सो अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशका अध्यक्ष पदमबहादुर शाही र सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष हर्षविक्रम खड्कालगायतका व्यवसायीले कर्णाली प्रदेशमा जलविद्युत् आयोजना, पर्यटन, जडिबुटी उत्पादनलगायतका क्षेत्रमा व्यावसायिक सम्भावना रहेको बताउनुभयो । चालु वर्षको मौद्रिक नीति सकारात्मक रहेको चर्चा गर्दै सहभागी व्यवसायीका तर्फबाट स्वदेशमै उद्यमशीलताको विकास र स्वरोजगार सिर्जनामा जोड दिनुपर्ने आवश्यकता औँल्याइएको थियो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिका तर्फबाट कर्जा असुलीमा देखिएको



समस्या, कर्जाको न्यून मागलगायतका विषयमा धारणा राखिएको थियो ।


सो अवसरमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक किरण पण्डितले छलफलमा उठेका जिज्ञासाको सम्बोधन गर्दै समसामयिक विषयमा मन्तव्य राख्नुभयो । सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रोशनकुमार सिग्देलले उत्पादनमुखी कर्जा प्रवाहलाई प्राथमिकता दिनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा गभर्नरको कार्यालयका निर्देशक शरणकुमार अधिकारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सुर्खेत कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कार्यक्रम समापनपश्चात् गभर्नर पौडेलले बैंकको सुर्खेतस्थित कार्यालय र बैंकका स्वामित्वमा रहेको जग्गाको अवलोकन गर्नुभएको थियो । ■

# "एकीकृत निर्देशन, २०८१" मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८०' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले भदौ २, ८, १२ र १३ गते परिपत्र जारी संशोधित व्यवस्थाको कार्यान्वयन गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । जसअनुसार इ.प्रा. निर्देशन नं २१/०८१ को अनुसूची २१.१ मा रहेको Long Form Audit Report को ढाँचामा संशोधन गरिएको छ । आर्थिक वर्ष २०८१/८२ देखिको बाह्य लेखापरीक्षण संशोधित ढाँचाअनुसार हुनुपर्ने जनाइएको छ ।



नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२
Website : www.nrb.org.np
पोष्ट वक्स : ७३

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/०४/०८२/८३

मिति: २०८२/०५/१३

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(गुरु प्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

नेपाल सरकारबाट स्वीकृतिप्राप्त निकायमा दर्ता भई सञ्चालनमा रहेका जग्गा विकास तथा भवन निर्माणसँग सम्बन्धित फर्म/कम्पनीलाई संशोधित व्यावसायिक योजना तथा नगद प्रवाहलगायतका पक्षको विश्लेषणसहित बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरेमा आवश्यकता र औचित्यको आधारमा विभिन्न सर्तको अधीनमा रही एक पटकको लागि कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिने सुविधा दिइएको छ । यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०८२ असोज मसान्तभित्र गरिसक्नुपर्नेछ ।

यसै गरी, इजाजतपत्रप्राप्त संस्थाले कृषि उपज/कृषियोग्य जमिन/कृषि व्यवसाय संरचनाको धितो आफैंले मूल्याङ्कन गरी रु.१० लाखसम्मको खाद्यान्नबाली, पशुपन्छी, माछापालन लगायत कृषि व्यवसायसँग सम्बन्धित कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ । यस्तो धितो मूल्याङ्कन बैंक तथा वित्तीय संस्थाका कर्मचारी वा अन्य धितो मूल्याङ्कनकर्ताबाट गर्न सकिने र यसबापत ऋणीसँग धितो मूल्याङ्कन शुल्क लिन पाइने छैन ।

संशोधित व्यवस्थाअनुसार नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) बाट सिफारिस जातका कृषि उपजको उत्पादनका लागि आधार दरमा बढीमा १.५ प्रतिशत मात्र प्रिमियम थप गरी ब्याजदर तोक्नुपर्नेछ । यस्तै, हुलाकी राजमार्ग तथा मध्य-पहाडी लोकमार्ग आसपासका क्षेत्रमा सञ्चालित रु.तीन करोडसम्मका उत्पादनमूलक उद्योग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य स्वच्छता स्तरीकरणसम्बन्धी 'ग्रीन स्टिकर' लिएका होटल तथा रेष्टुरेन्टलाई आधार दरमा बढीमा दुई प्रतिशत प्रिमियम थप गरी ब्याजदर तोक्नुपर्ने व्यवस्था गरिएको छ ।

'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२' बमोजिम सहुलियतपूर्ण कर्जा प्रवाह गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिइएको छ । 'बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१' संशोधन गर्दै बैंकले संशोधित व्यवस्थाबमोजिम सोसम्बन्धी कामकारबाही गर्न निर्देशन दिएको छ । ■

# वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी अन्तरक्रिया



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले भदौ २२ गते काठमाडौंमा वित्तीय साक्षरताका विविध पक्षबारे अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

वित्तीय साक्षरताका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था र बैंकको सूचीमा समावेश भएका विज्ञहरूको सहभागितामा वित्तीय साक्षरता प्रवर्द्धनमा देखिएका समस्या, चुनौती र आगामी कार्यदिशामा केन्द्रित रहेर महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो ।

सो अवसरमा महाशाखाका उप-निर्देशक निकी महर्जनले वित्तीय साक्षरतासम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै वित्तीय साक्षरता प्रवर्द्धनको आगामी दिशा, प्रशिक्षक तयारीका उद्देश्य, साक्षरता प्रशिक्षकसँगको अपेक्षा, वित्तीय साक्षरतासम्बन्धी समस्या र चुनौतीलगायतका विषयमा चर्चा गर्नुभयो । यसै गरी, गैरसरकारी संस्था डिप्रोक्स नेपालका निर्देशक कैलाश रिजालले वित्तीय साक्षरताको अनुभवसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

दुवै कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो । कार्यक्रममा महाशाखाका का.मु. निर्देशक शिखा अधिकारी (रेग्मी) ले छलफल सत्रको मध्यस्थता गर्नुभयो भने भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक किरण पण्डित र बैंक तथा वित्तीय संस्था नियमन विभागका का.मु.कार्यकारी निर्देशक गोविन्दप्रसाद नागिलाले सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफ दिनुभयो ।

सो अवसरमा गभर्नरको कार्यालयका का.मु.कार्यकारी निर्देशक शरणकुमार अधिकारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक सिर्जना अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# एकीकृत निर्देशनको कार्यान्वयनसम्बन्धी अन्तरक्रिया



भुक्तानी प्रणाली विभागले भदौ ८ गते काठमाडौंमा भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थालाई जारी गरिएको एकीकृत निर्देशनको विविध पक्षमाथि अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

एकीकृत निर्देशनमा रहेका व्यवस्था, निरीक्षणमा देखिएका कैफियत र विद्यमान व्यवस्थामा हुनुपर्ने परिमार्जनका विषयमा केन्द्रित रहेर विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा विभागको उप-निर्देशक विनोद बजगाईंले स्थलगत निरीक्षण र गैर-स्थलगत सुपरिवेक्षणको क्रममा देखिएका कैफियतको आधारमा विद्यमान निर्देशनमा सुधार गर्नुपर्ने विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने सहायक निर्देशक राजेश पनेरुले भुक्तानी बजारको अध्ययन/अनुसन्धान र विश्लेषणका आधारमा नियामकीय दायरामा ल्याउनुपर्ने विषयबारे प्रस्तुति दिनुभयो ।

यसै गरी, विभागका उप-निर्देशक पुष्करराज भट्टराई र सहायक निर्देशक प्रजिना स्थापितले विद्यमान निर्देशनमा गर्नुपर्ने परिमार्जन सम्बन्धमा विभागका विभिन्न इकाइ र सरोकारवालाबाट प्राप्त सुझावहरू प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक किरण पण्डितले नीति निर्माण गर्दा मौजुदा कानुनी व्यवस्था र अन्तर्राष्ट्रियस्तरमा प्रचलित अभ्यासलाई अनुशरण गर्नुपर्ने उल्लेख गर्दै जोखिममा आधारित नियामकीय व्यवस्थामार्फत भुक्तानी प्रणालीलाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । सो अवसरमा विभागका निर्देशक शुभाषचन्द्र घिमिरेले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक शोभा सिलवालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# आरटीजीएस प्रणालीसम्बन्धी अन्तरक्रिया



भुक्तानी प्रणाली विभागले भदौ ५ गते काठमाडौंमा रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) प्रणालीको इन्टरफेस र बैंकको जीएल सिस्टमको संरचना तथा कार्यप्रणालीका सन्दर्भमा कार्यशाला गोष्ठी आयोजना गऱ्यो ।

बैंकका सरोकारवाला विभाग र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल) का कर्मचारीको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा विभागका सहायक निर्देशकद्वय मुमिहाङ राई र सुमन थापाले 'RTGS System Technical Setup and Operational Flow' का सम्बन्धमा प्रस्तुति दिनुभयो भने सूचना प्रविधि विभागका उप-निर्देशक फुलचनप्रसाद साहले 'Olympic Banking System's (GL System) Working Module in Context of RTGS Transactions: Database Tables, Accounts and Posting Logic & Transaction Rule' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, नेपाल क्लियरिङ हाउस लिमिटेडका पेमेन्ट सिस्टम हेड छवि सापकोटा र इञ्जिनियरिङ हेड मन्दीप श्रेष्ठले 'Deep Dive: Interface Mechanics, Transaction Flow, Posting Logic, Sync issues (Visuals: Flowcharts & Architecture Walkthrough) विषयमा प्रस्तुति दिनुभयो ।

सो अवसरमा कार्यकारी निर्देशक किरण पण्डितले सूचना प्रविधि विभाग र एनसीएचएलको प्राविधिक सहयोगमा आरटीजीएस प्रणालीको इन्टरफेस सञ्चालनमा रहेको उल्लेख गर्दै उक्त कार्यक्रमको आयोजनाबाट विभाग र सरोकारवाला निकायसँगको समन्वयमा सहजीकरण हुने विश्वास व्यक्त गर्नुभयो । सूचना प्रविधि विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले आरटीजीएसलाई गतिशील र समस्यारहित बनाउन जीएल सिस्टम र सूचना प्रविधि पूर्वाधारको विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

गोष्ठीमा विभागका का.मु. निर्देशक सम्झना ढकालले आरटीजीएस प्रणालीको इन्टरफेस र बैंकको जीएल सिस्टमको संरचनाबारे आयोजित छलफलले आगामी दिनमा सोसम्बन्धी कार्यसम्पादन गर्न सजिलो हुने बताउनुभयो । एनसीएचएलका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले आरटीजीएस र एनसीएचएलको सहकार्यले देशको भुक्तानी प्रणालीलाई गुणस्तरीय र विश्वासिलो बनाउन सहज भएको धारणा राख्नुभयो ।

सो अवसरमा विभागका उप-निर्देशक विनोद बजगाईंले स्वागत मन्तव्य राख्दै कार्यशाला गोष्ठीको औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक शोभा सिलवालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सुर्खेत कार्यालय र आर्थिक मामिला मन्त्रालयबीच छलफल

सुर्खेत कार्यालय र कर्णाली प्रदेशस्थित आर्थिक मामिला तथा योजना मन्त्रालयबीच साउन २५ गते समसामयिक आर्थिक गतिविधिका विषयमा छलफल भएको छ ।

कर्णाली प्रदेशको आर्थिक गतिविधि, सरकारी कारोबार, राजस्व र खर्चको स्थितिलगायतका विषयमा छलफल भएको जनाइएको छ । सो अवसरमा आर्थिक मामिला तथा योजना मन्त्री राजीवविक्रम शाह, मन्त्रालयका सचिव रविलाल शर्मा, सुर्खेत कार्यालयका प्रमुख राजनप्रसाद रेग्मी, सहायक निर्देशकद्वय रमेश पंगेनी र सागर मालाकारको उपस्थिति थियो ।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख रेग्मीले आर्थिक मामिला मन्त्री शाहसमक्ष कर्णाली प्रदेशको आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन हस्तान्तरण गनुभएको थियो । ■



# वित्तीय जानकारी इकाइ र भियतनामको निकायबीच समझदारी



वित्तीय जानकारी इकाइ र भियतनामको सम्पत्ति शुद्धीकरण निवारण विभागबीच सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित सूचना आदानप्रदान गर्ने समझदारी भएको छ ।

२५-२८ अगस्ट, २०२५ मा जापानको टोकियोमा आयोजित एसिया प्यासिफिक समूह (एपीजी)को वार्षिक बैठकका दौरान २७ अगस्टमा उक्त समझदारी भएको हो । समझदारीपत्रमा इकाइका प्रमुख वासुदेव भट्टराई र विभागका महानिर्देशक फाम तेइन फोङले हस्ताक्षर गर्नुभयो ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एवम् समन्वय समितिका संयोजक फणिन्द्र गौतम नेतृत्वको नेपाली प्रतिनिधि मण्डल सहभागी थियो । यो समझदारीसँगै दुई देशका निकायबीच वित्तीय अपराधविरुद्ध सूचनाको आदानप्रदान र सहकार्य थप प्रभावकारी हुने विश्वास लिइएको छ । ■

# वित्तीय जानकारी इकाइद्वारा अनुशिक्षण सम्पन्न



वित्तीय जानकारी इकाइले साल भदौ २ गते काठमाडौंमा 'goAML Operational Guidelines' र रिपोर्टिङका सन्दर्भमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विकास बैंक तथा वित्त कम्पनीका प्रतिनिधिको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । २०२५ मार्चमा जारी 'goAML Operational Guidelines for BFIs V3.1' को कार्यान्वयन स्थिति, यसमा देखिएका चुनौती र समाधानका उपायको पहिचान गर्ने उद्देश्यले अनुशिक्षण कार्यक्रम आयोजना गरिएको इकाइले जनाएको छ । कार्यक्रमको पहिलो सत्रमा डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालका प्रतिनिधि, विकास बैंकका कार्यान्वयन अधिकारी र सूचना प्रविधि विभागका प्रतिनिधि तथा दोस्रो सत्रमा वित्त कम्पनीका कार्यान्वयन अधिकारी, सूचना प्रविधि विभागका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रमको पहिलो र दोस्रो सत्रमा क्रमश: इकाइका सहायक निर्देशक कमल पौडेल र सहायक (सू.प्र.) विवेश पोखरेलले कार्यपत्र प्रस्तुत गर्दै 'goAML Operational Guidelines' को कार्यान्वयन स्थिति र नियमित रिपोर्टिङमा देखापरेका समस्या र समाधानका उपायबारे जानकारी दिनुभयो । कार्यक्रममा सहभागीहरूबाट गो-एएमएल रिपोर्टिङको कार्यान्वयनमा देखिएका समस्याका विषयमा जानकारी गराइएको थियो ।

कार्यक्रममा इकाइका प्रमुख वासुदेव भट्टराईले व्यावसायिक क्षेत्रमा नयाँ प्रविधिको विकास र प्रयोग भइरहेको उल्लेख गर्दै शङ्कास्पद कारोबारको रिपोर्टिङ र विश्लेषण पद्धतिमा पनि सुधार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । सो अवसरमा इकाइका उप-निर्देशकद्वय स्वरूप श्रेष्ठ र विष्णुप्रसाद गुरागाईंले गो-एएमएल रिपोर्टिङका विविध पक्षमाथि प्रकाश पार्नुभयो ।

सो अवसरमा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वीरगञ्जमा समसामयिक आर्थिक तथा बैंकिङ गतिविधिसम्बन्धी अन्तरक्रिया



वीरगञ्ज कार्यालयले साउन २९ गते 'समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख, उद्योग वाणिज्य संघका प्रतिनिधि, बुद्धिजीवी र अन्य सरोकारवाला निकायका प्रतिनिधिसहित ६० जनाको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा कार्यालयका निर्देशक सुशील पौडेलले अर्थतन्त्रको वर्तमान स्थिति, समसायिक बैंकिङ गतिविधि र मधेशमा वित्तीय साक्षरताको अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्दै विद्यमान चुनौती र समाधानका उपायबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले मधेशमा वित्तीय सेवाको पहुँचको अवस्था कमजोर रहेको उल्लेख गर्दै यस्तो सेवाबाट वञ्चित रहेको समुदायमा लक्षित कर्जा योजना विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक राजकुमार खत्रीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक सन्देशकुमार ठाकुरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# दाङमा नोट व्यवस्थापनसम्बन्धी गोष्ठी



नेपालगञ्ज कार्यालयले भदौ २४ गते दाङको तुलसीपुरमा 'नोटको सुरक्षण विशेषता, जाली नोट पहिचान तथा सफा नोट नीति' विषयक गोष्ठी आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलको संयोजकत्वमा आयोजित गोष्ठीमा दाङको तुलसीपुरस्थित बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, उद्योग वाणिज्य संघ र यातायात व्यवसायी संघका प्रतिनिधि र विद्यार्थीसहित ५६ जनाको सहभागिता थियो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक भिमार्जुन शाहले कार्यपत्र प्रस्तुत गर्दै नेपाली नोटमा रहेका सुरक्षण विशेषता, सक्कली तथा नक्कली नोटबीचको फरक छुट्याउने तरिका र सफा नोट नीतिका विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा निर्देशक पोखेलले समापन मन्तव्य राख्दै सफा नोट नीतिको पालनाले नोटको आयु बढ्ने र छपाइ खर्च न्यूनीकरण हुने धारणा राख्नुभयो । सो अवसरमा सहायक निर्देशक दीपेश यादवले स्वागत मन्तव्य राख्नुभयो भने सहायक टीकाराज मानन्धरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# बैंकको खराब कर्जा: 'ब्याड लक' कि 'ब्याड म्यानेजमेन्ट' ?



टीकाराम तिमिल्सिना
उप-निर्देशक

## १. पृष्ठभूमि

अमेरिकी अर्थशास्त्रीद्वय एलेन बर्जर र रोबर्ट योङले सन् १९९७ मा 'जर्नल अफ बैंकिङ एण्ड फाइनान्स'मा *'प्रोब्लम लोन एण्ड कस्ट इफिसियन्सी इन कमर्सियल बैंक'* शीर्षकमा एउटा लेख प्रकाशन गरे। जसमा उनीहरूले बैंकहरूको सम्पत्तिको गुणस्तर दुई कारणले खस्कने उल्लेख गरेका छन्। पहिलो 'ब्याड लक' र दोस्रो 'ब्याड म्यानेजमेन्ट'। यसलाई 'ब्याड लक अर ब्याड म्यानेजमेन्ट हाइपोथेसिस'को संज्ञा दिइएको छ।

'ब्याड लक' भन्नाले बैंकहरूको कार्यसम्पादनमा प्रभाव पार्ने बाह्य तत्त्वहरू जस्तैः आर्थिक मन्दी/सुस्ती, उच्च मुद्रास्फीति, राजनीतिक अस्थिरता आदि पर्दछन् भने 'ब्याड म्यानेजमेन्ट'ले बैंकको कमजोर आन्तरिक व्यवस्थापनलाई सङ्केत गर्दछ। त्यसैले बैंकहरूको कर्जाको गुणस्तर किन बिग्रिएको हो? भन्ने प्रश्नको उत्तर खोज्दै जाँदा यिनै दुई वटा क्षेत्रमा केन्द्रित रहेर विमर्श गर्दा निष्कर्षमा पुग्न सजिलो हुन्छ।

अर्थतन्त्र आर्थिक मन्दी वा सुस्तीको अवस्थामा रहँदा ऋणीहरूको कर्जा चुक्ता गर्ने क्षमतामा असर पर्छ। यसले बैंकको कर्जा नोक्सानी व्यवस्था बढाउने भएकाले मुनाफा प्रभावित हुन्छ। यसै गरी, बैंकको आन्तरिक व्यवस्थापन निष्प्रभावी रहन्छ भने जोखिम मूल्याङ्कनमा हुने कमजोरीका कारण कर्जा चुक्ता नभई खराब कर्जाको अंश थपिँदै जान्छ। तथापि, अर्थतन्त्रको दिशा सकारात्मक छ र आन्तरिक व्यवस्थापन कुशल छ भने बैंकहरूका सम्पत्तिको गुणस्तरमा उति ठुलो समस्या रहँदैन।

नेपालको बैंकिङ क्षेत्रलाई कुनै समय दक्षिण एसियामै तुलनात्मक रूपमा सबल छ भनी दावी गरिन्थ्यो। कोभिड-१९ अघि दुई प्रतिशतको हाराहारीमा रहेको खराब कर्जाको अनुपात महामारीपश्चात् पाँच प्रतिशतभन्दा माथि पुगेपछि यो विषयले वित्तीय स्थायित्वसम्बन्धी नीतिगत बहसमा उच्च प्राथमिकता पाउँदै आएको छ।

नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट र नेपाल राष्ट्र बैंकद्वारा जारी मौद्रिक नीतिमा 'सम्पत्ति व्यवस्थापन कम्पनी' स्थापनाको सन्दर्भ उल्लेख भएसँगै यो विषयले थप चर्चा पाउन थालेको छ। छिमेकी मुलुक भारत र अन्य देशका विगतको अभ्यासलाई दृष्टिगत गर्दा यो प्रयास सान्दर्भिक नै देखिन्छ। यद्यपि, यस प्रकारको संस्थागत प्रयासका आफ्नै अन्तरनिहित सीमा हुन्छन्। यसैले तथ्यगत आधारमा खराब कर्जाको मुख्य स्रोतको पहिचान भएमा समस्याको दीर्घकालीन समाधानमा मद्दत पुग्छ।

## २. बैंकको सम्पत्ति गुणस्तर किन खस्कियो ?

यदि कर्जा स्वीकृतिको निम्ति बैंकले लिने ऋणीको पूरा विवरण, हालको भुक्तानी स्थिति वा फिल्ड सर्वेक्षणमार्फत सङ्कलित तथ्याङ्क उपलब्ध भएमा सोको विश्लेषणमार्फत समस्याको वास्तविक स्रोत किटान गर्न सकिन्छ। यो लेख तयार पार्ने क्रममा यस पङ्क्तिकारसँग ऋणीगत विवरण तथा फिल्ड सर्वेक्षण तथ्याङ्क दुवै उपलब्ध नभएकाले बर्जर र योङले प्रस्ताव गरेको 'ब्याड लक एण्ड ब्याड म्यानेजमेन्ट फ्रेमवक'मा रहेर समष्टिगत तथ्याङ्क (म्याक्रो डेटा) को प्रयोग गरी प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ।

यस प्रकारको विश्लेषणबाट सूक्ष्म तथ्याङ्कीय विश्लेषणमार्फत प्राप्त हुने निश्चित जानकारी भन्दा पनि समस्याको दिशाबारे अवगत हुन्छ। यस प्रयोजनको निम्ति खराब कर्जा निर्धारण गर्ने चरहरूसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययनको आधारमा बैंकिङ व्यवसायलाई प्रभाव पार्ने छ वटा विभिन्न समष्टिगत आर्थिक सूचक, हाल कायम २० वटा वाणिज्य बैंकहरूको कार्यसम्पादनसँग सम्बन्धित सन् २०११ को पहिलो त्रयमासदेखि २०२४ को चौथो त्रयमाससम्मका तथ्याङ्कको आधारमा सात वटा सूचक तथा कोभिड-१९ को असरसम्बन्धी जानकारीको निम्ति 'डमी' गरी जम्मा १४ वटा सूचकलाई 'मेसिन लर्निङ' विधिमार्फत विश्लेषण गरिएको छ। सो विधिबाट प्राप्त नतिजाअनुसार बैंकहरूको खराब सम्पत्ति निर्धारण गर्न भूमिका खेल्ने सूचकको महत्त्वलाई तालिका-१ मा प्रस्तुत गरिएको छ।

यो नतिजालाई अर्थशास्त्रीय इकोनोमेट्रिक विश्लेषण जस्तो 'कारण र असर (कज एण्ड इफेक्ट)'को रूपमा नभई बैंकहरूको सम्पत्ति निर्धारणमा उल्लिखित सूचकहरूको सापेक्षित भूमिकामा बुझ्नुपर्ने हुन्छ। कारण र असरको सम्बन्ध बुझ्नका निम्ति सम्पत्तिको गुणस्तर (नन पर्फमिङ लोन) लाई 'आश्रित चर (डिपेन्डेण्ट भेरियबल)' र उल्लिखित चरलाई 'स्वतन्त्र चर (इन्डिपेन्डेण्ट भेरियबल)' को रूपमा इकोनोमेट्रिक विधिमार्फत विश्लेषण गर्न सकिन्छ। प्रस्तुत लेखलाई सङ्क्षेपीकरण गर्ने क्रममा उक्त विश्लेषणलाई यहाँ समावेश गरिएको छैन।

तालिका-१ मा उल्लिखित नतिजाअनुसार विगतको सम्पत्तिको गुणस्तर हालको सम्पत्तिको गुणस्तर निर्धारण गर्ने सबैभन्दा बलियो चरका रूपमा रहेको छ। यसको अर्थ, भविष्यमा

**तालिका-१: बैंकहरूको सम्पत्तिलाई प्रभाव पार्ने आन्तरिक र बाह्य चरहरू**

| क्र.सं. | सूचक | प्रकार | प्रभाव (प्रतिशत) |
|---|---|---|---|
| १. | विगतको सम्पत्तिको गुणस्तर | आन्तरिक | ५६.५० |
| २. | कर्जा-निक्षेप अनुपात | आन्तरिक | २२.८७ |
| ३. | पुँजीको प्रतिफल | आन्तरिक | ५.२९ |
| ४. | नेप्से परिसूचक | बाह्य | ३.६९ |
| ५. | ब्याजदर स्प्रेड | आन्तरिक | २.६७ |
| ६. | जम्मा सम्पत्ति | आन्तरिक | १.९६ |
| ७. | निर्यात-आयात अनुपात | बाह्य | १.२४ |
| ८. | मुद्रास्फीति | बाह्य | १.०७ |
| ९. | सम्पत्तिको प्रतिफल | आन्तरिक | ०.९० |
| १०. | विप्रेषण | बाह्य | ०.०८ |
| ११. | आर्थिक वृद्धिदर | बाह्य | ०.८५ |
| १२. | बैंकको स्वामित्व | आन्तरिक | ०.८० |
| १३. | विनिमय दर | बाह्य | ०.०६ |
| १४. | कोभिड-१९ | बाह्य | ०.०३ |

*स्रोतः नेपाल राष्ट्र बैंकको वेबसाइटमा उपलब्ध तथ्याङ्कको प्रयोग गरी लेखकद्वारा विस्तारित।*

कर्जाको गुणस्तर सुधार गर्ने हो भने अहिलेदेखि नै खराब कर्जा घटाउन मिहिनेत गर्नुपर्ने हुन्छ। यसै गरी, कर्जा-निक्षेप अनुपात सम्पत्तिको गुणस्तर निर्धारण गर्ने दोस्रो महत्त्वपूर्ण चर रहेको छ। यसलाई विगतको उच्च कर्जा प्रवाह र अहिलेको न्यून कर्जा प्रवाहको असरको रूपमा बुझ्न सकिन्छ।

साथै, पुँजी बजार परिसूचक, नेप्से इन्डेक्सले समेत बैंकहरूको सम्पत्तिको गुणस्तरमा प्रभाव पारेको देखिन्छ भने कोभिड-१९ ले न्यून मात्रामा व्याख्या गरेको छ। यस्तै, आर्थिक वृद्धिको प्रभाव पनि न्यूनतम (०.८५ प्रतिशत) देखिन्छ। समग्रमा बैंकको सम्पत्ति गुणस्तरको अवस्थालाई अध्ययन गर्दा करिब ९० प्रतिशत हिस्सा चाहिँ बैंकसँग सम्बन्धित चरहरूले नै निर्धारण गरेको देखियो भने बाह्य कारण (बृहत् अर्थतन्त्र) ले १० प्रतिशत भूमिका खेलेको देखिन्छ। बर्जर र योङको अध्ययन निचोडलाई आधार मान्ने हो भने नेपालका बैंकहरू खराब कर्जाको अनुपात बढ्नुमा बढीजसो 'ब्याड म्यानेजमेन्ट' र केही हदसम्म 'ब्याड लक' जिम्मेवार रहेको देखिन्छ। यो तथ्यलाई दृष्टिगत गर्दा नेपालको सन्दर्भमा 'कम नियमन र बढी सुपरिवेक्षण' वित्तीय स्थायित्वको निम्ति प्रभावकारी हस्तक्षेप हुन सक्छ।

### ३. कम नियमन र बढी सुपरिवेक्षणः किन ?

सन् २००८ मा लण्डन स्कूल अफ इकोनोमिक्सको नवनिर्मित भवनको उद्घाटन समारोहमा उपस्थित बेलायती महारानी एलिजाबेथले प्रख्यात अर्थशास्त्रीहरूमाझ त्यतिबेला विश्वलाई त्राहिमाम् पारिरहेको 'ग्लोबल फाइनान्सियल क्राइसिस'तर्फ सङ्केत गर्दै 'यति भयङ्कर सङ्कट आइरहँदा पनि किन कसैले अनुमान लगाउन सकेन ?' भन्ने आशयको प्रश्न गरेपछि कार्यक्रममा केही क्षण सन्नाटा छाएको बताइन्छ। विशेषत: पश्चिमा देशहरू विश्वव्यापी वित्तीय सङ्कटसँग जुधिरहेको भयावह स्थितिमाझ महारानीको यो प्रश्नमा त्यहाँ उपस्थित अर्थशास्त्रीमध्ये कसैले पनि सो सम्बन्धमा प्रतिक्रिया जनाएका थिएनन्।

जब सन् २०१२ मा महारानी बैंक अफ इङ्ल्याण्डको सुन भण्डार अवलोकन गर्न पुग्नुभयो, बैंकको नीति अनुसन्धान विभागका तत्कालीन प्रमुख सुजित कपाडियाले महारानीलाई सन् २००८ को लण्डन स्कूल अफ इकोनोमिक्सको कार्यक्रममा आफू पनि दर्शकदीर्घामा रहेको र त्यतिबेला महारानीले सोधेको प्रश्नबारे स्मरण गराउँदै, त्यस विषयमा केही जानकारी गराउने अनुमति माग्छन्। महारानीबाट अनुमति पाएपछि कपाडियाले भनेका थिए, *'वित्तीय सङ्कट फ्लु वा भूकम्पीय प्रकृतिको हुने भएकाले यसको अनुमान लगाउन कठिन हुने र सङ्कटपूर्व नियामकहरू वित्तीय बजारको आचरणमा अति नै सन्तुष्ट रहेको तथा नियमनहरू आवश्यक नरहेको ठानी अति खुकुलो गरेकोले त्यतिबेला सङ्कटको सामना गर्नुपरेको थियो।'*

सन् २००८ को त्रासदीपश्चात् विश्वभर नै नियामकीय व्यवस्थामा व्यापक परिवर्तन आएको छ। बासेल-३ का मुख्य प्रावधानको कार्यान्वयनसँगै वित्तीय स्थायित्व र सबल वित्तीय प्रणाली निर्माणको लागि नेपाल राष्ट्र बैंकले समेत यस्ता परिवर्तनलाई आत्मसात् गर्दै आएको छ। कोभिड-१९ महामारीबाट सिर्जित असहज परिस्थितिलाई सम्बोधन गर्नका निम्ति अवलम्बन गरिएका नियामकीय सहुलियतसँगै ब्याजदर र तरलताको उतारचढाव लगायतका कारणले नियामकीय क्षमता सबल हुँदाहुँदै पनि बैंकहरूको सम्पत्तिको गुणस्तरमा केही चाप परेको छ। त्यसैले बैंकहरूको खराब कर्जामा आन्तरिक चरहरूको मुख्य भूमिकालाई मध्यनजर राख्दै विद्यमान 'रेगुलेटरी स्पिरिट'को जगमा सुपरिवेक्षकीय क्षमता वृद्धिमा जोड दिइए दीर्घकालीन वित्तीय स्थायित्व हासिल गर्न मद्दत पुग्नेछ।

### ४. सम्पत्ति व्यवस्थापन कम्पनीः साधन कि साध्य ?

नेपाल राष्ट्र बैंकका अनुसार २०८२ असार मसान्तसम्ममा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामा रहेको गैर-बैंकिङ सम्पत्ति रु.५० अर्ब ५५ करोडभन्दा बढी पुगेको छ। बैंकहरूको खराब कर्जा बढेसँगै यसको व्यवस्थापनको निम्ति 'सम्पत्ति व्यवस्थापन कम्पनी' स्थापनाको निम्ति नीतिगत बहसले नेपाल सरकारको वार्षिक बजेटदेखि राष्ट्र बैंकको मौद्रिक नीतिसम्म स्थान पाएको छ।

विभिन्न अन्तर्राष्ट्रिय अभ्यासका आधारमा यो अवधारणालाई साध्यभन्दा पनि साधनको रूपमा लिन सकिन्छ। रिजर्भ बैंक अफ इण्डियाका तत्कालीन गभर्नर रघुराम राजनले सन् २०१५ मा भारतका बैंकहरूको सम्पत्तिको गुणस्तर पुनरावलोकन गराएका थिए। सो समयमा त्यहाँका बैंकहरूको खराब कर्जा १५ प्रतिशतसम्म पुगेको पाइएको थियो। यद्यपि, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनामा सहयोग पुग्नेगरी भारतमा सन् २००२ मै 'सेक्युरिटाइजेसन एण्ड रिकन्स्ट्रक्सन अफ फिनान्सियल एसेट्स एण्ड इनफोर्समेन्ट अफ सेक्युरिटी इन्ट्रेष्ट (साइफाइसी) एक्ट, २००२' जारी भइसकेको थियो।

यही कानुनको अधीनमा रही भारतमा सन् २००२ मा 'एसेट रिकन्स्ट्रक्सन कम्पनी' तथा सन् २०२१/२२ को युनियन बजेटमार्फत सरकारी स्वामित्वका बैंकहरू मुख्य सेयर होल्डर तथा बाँकी निजी बैंकहरूको लगानी रहनेगरी 'नेसनल एसेट रिकन्स्ट्रक्सन कम्पनी' स्थापना गरिएको थियो। यस्तो कानुन र संस्थागत संरचनाको बाबजुद पनि भारतमा खराब कर्जा व्यवस्थापनका निम्ति स्थापित कम्पनीले निर्धारण गरेका लक्ष्य भने पूरा हुन सकेका छैनन्।

रिजर्भ बैंक अफ इण्डियाका अनुसार नेसनल एसेट रिकन्स्ट्रक्सन कम्पनीले कुल ५० हजार करोड खराब कर्जा सकार गर्ने लक्ष्य राखेकोमा सन् २०२१ अक्टोबरसम्म करिब २२ हजार करोड कर्जा मात्र सकार गरेको थियो। भारतमा हाल बैंकहरूको खराब कर्जाको अनुपात तीन प्रतिशत हाराहारी रहेको भए तापनि एसेट म्यानेजमेन्ट कम्पनीहरूले सकारेको सम्पत्ति (कर्जा/धितो) र सोको बिक्रीबाट असुल रकमबीच ठूलो अन्तर रहेको देखिन्छ। यसले निरन्तर आर्थिक वृद्धि हासिल गरिरहेको भारत जस्तो मुलुकलाई पनि खराब कर्जा व्यवस्थापनमा परेको सकसलाई इङ्गित गर्दछ। भारतीय अनुभवलाई हेर्दा नेपालको निम्ति पनि यो विषय पेचिलो बन्न सक्ने सम्भावना देखिन्छ। तथापि, नेपाल राष्ट्र बैंकले पनि सुपरिवेक्षण गरिरहेको र अन्तर्राष्ट्रिय एजेन्सीबाट पनि १० वटा वाणिज्य बैंकको सम्पत्ति गुणस्तर परीक्षण प्रक्रिया अगाडि बढेको हुँदा अहिलेलाई नेपालका बैंकहरूको खराब कर्जा सम्बन्धित बैंकस्तरमै व्यवस्थापन गर्न सकिने अपेक्षा राख्नु नै उपयुक्त होला।

### ५. अन्त्यमा,

वित्तीय प्रणालीमा रहने स्रोतमा ठूलो अंश सर्वसाधारणको निक्षेपको हुन्छ। अर्थतन्त्रको महत्त्वपूर्ण वित्तीय साझेदारको रूपमा रहने र आर्थिक वृद्धिबीच निकट सम्बन्धसमेत हुने भएकाले बैंकहरूको वित्तीय स्वास्थ्यमा सरकार र नियामकको सधैँ गहिरो चासो रहन्छ। बैंकहरूबाट प्रवाह हुने कर्जा असुल नभएमा खराब कर्जामा परिणत हुन्छ र यसको परिमाण बढ्दै जाँदा समग्र वित्तीय प्रणालीमै नकारात्मक असर पर्दछ।

पछिल्लो समय नेपालका बैंक तथा वित्तीय संस्थाको खराब कर्जाको अनुपात दशक यताकै उच्च छ। त्यसैले पनि यसको सम्भावित कारण र समाधानको सम्बन्धमा विभिन्न कोणबाट बहस भइरहेका छन्। उपलब्ध तथ्याङ्कको आधारमा विश्लेषण गर्दा यो स्थिति सिर्जना हुनुमा मुलुकको बृहत् आर्थिक स्थिति भन्दा पनि बैंकहरूको आन्तरिक व्यवस्थापन नै बढी जिम्मेवार देखिन्छ। अत: बैंक स्वयम्ले आन्तरिक जोखिम व्यवस्थापनलाई सबल बनाउने र केन्द्रीय बैंकले सुपरिवेक्षकीय भूमिकालाई थप सुदृढ बनाउनु अहिलेको आवश्यकता हो। साथै, बहसकै क्रममा रहेको 'सम्पत्ति व्यवस्थापन कम्पनी'लाई केवल साधनको रूपमा हेरी साध्यको जटिलताको सम्बन्धमा जानकार रहँदा आगामी दिनमा आशा र वास्तविकताबीचको अन्तर कम हुने र आवश्यक नीतिगत पहलमा समेत सहयोग पुग्नेछ।

*(उप-निर्देशक तिमिल्सिना साउथ एसियनककक युनिभर्सिटी, न्यू दिल्ली, इण्डियामा अर्थशास्त्र विषयमा विद्यावारिधि अध्ययनरत शोधकर्ता हुनुहुन्छ। प्रस्तुत लेखमा व्यक्त विचार लेखकको निजी धारणा हुन्।)* ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न


सुर्खेत कार्यालय

२०८२ भदौ महिनामा विभिन्न विभाग/कार्यालयले ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा सुर्खेत कार्यालयले भदौ ५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा कार्यालयका सहायक निर्देशक श्रीजन राजभण्डारीले ‘Behavioural Biases in Decision Making: Fear & Greed in Investing' विषयमा प्रस्तुति दिनुभयो। त्यस क्रममा उहाँले लगानीसम्बन्धी निर्णय गर्दा विश्लेषण गर्नुपर्ने क्षेत्र, लगानीमा उत्पन्न हुने भय र लोभका कारण सिर्जना हुनसक्ने लाभ र जोखिमका विषयमा चर्चा गर्नुभयो।

यसै गरी, जनकपुर कार्यालयले भदौ १६ गते ‘नेपाल राष्ट्र बैंकले जारी गरेका परिपत्रहरू' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो।

सो अवसरमा कार्यालयका उप-निर्देशक जगदीश कुमारले कार्यपत्र प्रस्तुत गर्दै राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाको निम्ति जारी गरिने निर्देशन र बैंकका आन्तरिक कामकाजसँग सम्बन्धित विनियमावली, कार्यविधि, परिपत्रलगायतका नीतिगत व्यवस्थाबारे चर्चा गर्नुभयो।

मौद्रिक व्यवस्थापन विभागले भदौ २२ गते ‘Liquidity Management Practices Across Central Banks' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा विभागका सहायक निर्देशक विनोद भुसालले कार्यपत्र प्रस्तुत गर्दै तरलता व्यवस्थापनमा विभिन्न केन्द्रीय बैंकका अभ्यासबारे चर्चा गर्नुभयो। ■



मौद्रिक व्यवस्थापन विभाग


जनकपुर कार्यालय

## Major Financial Indicators

as on Saun End, 2082 (Mid-Aug, 2025)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 106.21 | 10.20 | 2.16 | 118.57 |
| 2 | Total Credit/GDP | 81.10 | 8.53 | 1.68 | 91.31 |
| 3 | Total Credit/ Total Deposit** | 76.35 | 83.62 | 77.84 | 77.01 |
| 4 | CD Ratio* | 75.48 | 83.28 | 77.81 | 76.19 |
| 5 | Fixed Deposit/Total Deposit | 47.78 | 48.22 | 65.29 | 48.14 |
| 6 | Saving Deposit/Total Deposit | 37.30 | 40.92 | 23.98 | 37.37 |
| 7 | Current Deposit/Total Deposit | 6.15 | 2.08 | 1.14 | 5.71 |
| 8 | Call Deposit/Total Deposit | 8.04 | 8.65 | 9.53 | 8.12 |
| 9 | NPL/ Total Loan^ | 4.44 | 5.03 | 11.05 | 4.62 |
| 10 | Total LLP /Total Loan | 4.95 | 5.37 | 10.55 | 5.09 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.40 | 6.61 | 5.48 | 5.52 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.96 | 6.35 | 7.03 | 7.80 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 15.33 | 14.04 | 11.34 | 15.15 |
| 3 | Total Liquid Assets/Total Deposit | 23.93 | 21.69 | 23.91 | 23.74 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.97 | 10.65 | 11.27 | 10.04 |
| 2 | Total Capital/RWA | 13.14 | 13.67 | 13.61 | 13.19 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,101 | 1,134 | 291 | 6,526 |
| 3 | No. of Deposit Accounts | 51,615,759 | 7,543,037 | 999,637 | 60,158,433 |
| 4 | No.of Loan Accounts | 1,643,791 | 266,884 | 58,572 | 1,969,247 |
| 5 | No. of Branchless Banking Centers | 810 | 6 | - | 816 |
| 6 | No. of Branchless Banking Customers | 275,153 | 1,029 | - | 276,182 |
| 7 | No. of Mobile Banking Customers | 24,014,023 | 3,677,476 | 297,209 | 27,988,708 |
| 8 | No. of Internet Banking Customers | 1,629,809 | 602,175 | 18,788 | 2,250,772 |
| 9 | No. of ATMs | 4,880 | 344 | 40 | 5,264 |
| 10 | No. of Debit Cards | 12,357,717 | 1,228,018 | 76,086 | 13,661,821 |
| 11 | No. of Credit Cards | 315,280 | 3,357 | - | 318,637 |
| 12 | No. of Prepaid Cards | 251,391 | 4,159 | - | 255,550 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **4.02** | | | |
| | (a) Saving | 3.07 | | | |
| | (b) Fixed | 5.33 | | | |
| | (c) Call | 1.04 | | | |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **7.76** | | | |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million

(Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Ashad end of FY2081/82 (2024/25)

*CD Ratio = $\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न




बैंकर्स प्रशिक्षण केन्द्रले २०८२ भदौ महिनामा विभिन्न दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यसै क्रममा केन्द्रले भदौ १ देखि ४ गतेसम्म थापाथलीमा 'Research and Report Writing' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा अनुसन्धान विधिको अवधारणा, प्रश्नावली निर्माण, सर्वेक्षण व्यवस्थापन, नमूना छनोट, तथ्याङ्क प्रशोधन, प्रतिवेदन लेखनसँगै आर्थिक गतिविधि अध्ययनका विविध पक्षबारे सहभागीलाई प्रशिक्षण दिइएको थियो। सो अवसरमा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो।

यसै गरी, केन्द्रले भदौ १५ देखि १९ गतेसम्म पोखरामा अधिकृतस्तरीय 'Central Banking' तालिम सञ्चालन गऱ्यो। १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत अधिकृतस्तरका ३० जना कर्मचारीको सहभागिता थियो।

सो अवसरमा केन्द्रीय बैंकिङको अवधारणा, वित्तीय स्थायित्व, मुद्रा व्यवस्थापन, भुक्तानी प्रणाली, मौद्रिक नीति, तरलता व्यवस्थापन, सुशासन, वित्तीय पहुँच र समावेशीकरण, सूचना प्रविधि र साइबर सुरक्षा, विनिमय दर नीतिलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। ■

# लामिछाने कार्यकारी निर्देशकमा बढुवा

आन्तरिक लेखापरीक्षण विभागका का.मु. कार्यकारी निर्देशक दीपकराज लामिछाने अधिकृत विशिष्ट (कार्यकारी निर्देशक) पदमा बढुवा हुनुभएको छ। नेपाल राष्ट्र बैंक सञ्चालक समितिको २०८२ भदौ ३१ गते बसेको बैठकको निर्णयबाट उहाँ कार्यकारी निर्देशकमा बढुवा हुनुभएको हो। लामिछाने २०६४ कात्तिक १२ गते बैंक सेवा प्रवेश गर्नुभएको थियो। *नेपाल राष्ट्र बैंक समाचार* उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ। ■

# कार्यकारी निर्देशक भट्टको अवकाश

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले २०८२ भदौ १२ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ।

२०५९ चैत २० गते बैंक सेवा प्रवेश गर्नुभएका भट्टले वित्त व्यवस्थापन विभागसँगै तत्कालीन वित्तीय संस्था सुपरिवेक्षण विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग र संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागको नेतृत्व सम्हाल्नुभएको थियो। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

**प्रकाशक**
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

**सम्पादक**
डा. सञ्जयप्रसाद मिश्र

**सम्पादन सहयोगी**
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

**ले-आउट**
संजीव दाहाल